आज मिति २०८२ साल चैत्र महिनाको २५ गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

**समय : दिउसो २:०० बजे** **बैठक नं – ६५**

**उपस्थिति**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र बहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३. | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म बहादुर बटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११. | श्री प्रदीप बोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२. | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३. | श्री थुमा सहकारी(बुढा) | सदस्य | |
| १४. | श्री बन्दना देवी शाही | सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | सुन्केशा |
| १६. | श्री करन नेपाली | सदस्य | क.नेपाली |
| १७. | श्री जगत बहादुर दर्जी | सदस्य | |
| १८. | श्री बालकृष्ण राना मगर | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

**आमन्त्रीत:**

| | | | |
|---|---|---|---|
| १. | टेक बहादुर महतारा | प्रशासकीय अधिकृत | |
| २. | सिद्धि प्र. महतारा | क. अ. | |
| ३. | | | |
| ४. | | | |
| **सहयोगी कर्मचारी** | | | |
| १. | गंगा ब. बुढा | का.स | |

Scanned with CamScanner



Scanned with CamScanner

**प्रस्तावहरू**

१. ठेक्का म्याद थप सम्बन्धमा।

२. १६ औं गाउँ जिल्ला स्तरिय रनिङ्ग शिल्ड संचालन सम्बन्धमा।

३. स्वास्थ्य तर्फ करार सेवा विज्ञापन गर्ने सम्बन्धमा।

४. योजना माग सम्बन्धमा।

५. वडा कार्यालयको मसलन्द खर्च भुक्तानी सम्बन्धमा ।

६. कार्यालय सहयोगी नियुक्त गर्ने सम्बन्धमा ।

७. फिल्ड निर्माणका लागि बजेट माग गर्ने सम्बन्धमा ।

८. रकम शिर्षक परिवर्तन सम्वन्धमा ।

९. विविध सम्बन्धमा ।

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका यंस नरहरिनाथ गाउँपालिका अन्तरगत वडा नं. ४ र ५ सडक खण्ड जोड्ने सडक खण्डको ठक्का नं० NNRM/W/GCWRC/NCB/01/081/082 नन्दामाता/ चिरन्जीवी जे.भी. को ठेक्का र लालु वडा नं. ९ को छपाडे खर्क सडक खण्डको ठेक्का सम्झौता समास भएकोले उक्त ठेक्काहरुको सम्झौता असार १५ गते सम्मको लागि थप गर्ने निर्णय गरियो।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकामा संचालन हुने जिल्ला स्तरिय १६औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता शान्त तथा मर्यादित तवरले संचालन गर्नको लागि गाउँपालिका जनप्रतिनिधि तथा कर्मचारीहरुको संयुक्तमा विभिन्न समिति तयार गरि जिम्मेवारी वाडफाँड गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत विभिन्न कारणले विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका पदहरुको लागि करार सेवामा रिक्त रहेका पदहरुमा मिति २०८१/१२/१० गतेको विज्ञापन नं. ०१/२०८१/०८२ विज्ञापन भएकोले लोकसेवा आयोगबाट पदपुर्ति भएकोले हाल रिक्त रहेको पदमा करार सेवा लिन नयाँ विज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका अन्तरगत वडा नं. २ मा पर्ने श्री रुपा देवी आ.वि. विद्यालय डाँडाँखलाको पश्चिम तर्फ खोलाले वगाएर भवन तथा फिल्डमा क्षेति हुने भएकोले सो खोला तटवन्धको लागि सम्बन्धित निकायमा योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा कार्यालयमा आ.व. २०८२/०८३ कार्यालय संचालनको लागि मशलन्द सामाग्री खरिद गर्ने बजेट बिनियोजन नभएको वडा कार्यालयको हकमा गाउँपालिकाको विनियोजित शिर्षक मसलन्द तथा कार्यालय सामाग्री गाउँपालिका खर्च शिर्षक नं. २२३११ बाट वडा कार्यालयलाई रु. १००,०००(एक लाख) भुक्तानी गर्ने निर्णय गरियो।



Scanned with CamScanner

Scanned with CamScanner

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नरहरिनाथ गाउँपालिकाको कार्यालयमा सरसफाई, कार्यालयको सुरक्षा र अन्य नियमित कार्य गर्नको लागि कार्यालय सहयोगी आवश्यक परेकोले १ जना कार्यालय सहयोगी नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नरहरिनाथ गाउँपालिका अन्तरगत वडा नं. ३ मा रहेको रमा मा.वि कालाशिल्लाको फिल्ड निर्माणाधिन अवस्थामा रहेको बेला २०८२ साल चैत्र महिनामा झरेको अविरल बर्षाका कारण पहिरो गहि पूर्ण रुपमा क्षेति भएकोले उक्त फिल्ड निर्माण कार्यका लागि आवश्यक बजेट व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश संग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्तुत विषयमा नरहरिनाथ गाउँपालिकाको २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सामाजिक सुरक्षा सम्बन्धि त्रैमासिक बैठक भत्ता (खर्च शिर्षक नं. २११३४) मा बिनियोजन भएकोले उक्त शाखाको बार्षिक घटना दर्ता सप्ताहा कार्यक्रम मनाउदै आएकोमा उक्त शिर्षकमा रकम उपलब्ध नभएकोले बैशाख पहिलो साता बनाउदै आएको घटना दर्ता सप्ताहा कार्यक्रम सामाजिक सुरक्षा सम्बन्धि त्रैमासिक बैठक भत्ताबाट कार्यक्रम संचालन गरि भुक्तानी गर्ने निर्णय गरियो ।

उपरोक्त बमोजिम निर्णय नं. १ देखि ८ सम्म
प्रमाणित गरिएको छ।

Scanned with CamScanner



Scanned with CamScanner